CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहालको सारांश परिचय



(मैत्री बोधिसत्व जमलेश्वर भगवान)

२९४.३४३५
ब १६८ ज

प्रस्तोता
कमलमान बज्राचार्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मैत्री बोधिसत्व भगवान

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहालको साराँश

परिचय

प्रस्तोता

कमलमान बज्राचार्य

ताहाचल, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक : बृद्धिहर्ष बज्राचार्य, धोवीधारा
विनायक प्रेस
फोनः ४४३४६६४

प्रस्तोता : कमलमान बज्राचार्य
ताहाचल, काठमाडौं

सर्वाधिकार : प्रस्तोतामा सुरक्षित

398.3834
व 9६८ ज

प्रकाशित मितिः न्हु दँ ने. सं. ११२५
(२०६१ साल कात्तिक २८ गते)

मूल्य : धर्मदान

मुद्रक
विनायक प्रेस
धोवीधारा, काठमाडौं
फोन नं. ४४३४६६४

CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहालको विशेषता र महत्व

१. प्रत्येक बर्ष चैत्र शुक्ल अष्टमीका दिन सेतो मच्छेन्द्रनाथको रथ जमलवाट किन तानी लाने गर्छ ?

२. भद्रकाली १२ बर्षे गठूनाच समापन गर्न देवी देवताहरुलाई "सिजा" ख्वाउन जमल बहालमा नै किन ल्याइन्छ ?

३. बर्षको एक पटक जमल बहाल तलाउ झैं जलामय किन हुन्छ ?

४. जमल बहालमा १०८ दियो बाल्ने र सत्वपूजा किन गर्ने गर्छ ?

५. जमल बहालमा प्रतिस्थापना गरिएको अशोक चैत्यले के देखाउँछ ?

उपरोक्त प्रश्नहरुका उत्तर यस पुस्तिकामा उल्लेख गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

आजको अशान्त वातावरणमा नेपाल देशमा स्थिर शान्ति स्थापनाको लागि मैत्री बोधिसत्व भगवानको जन्मस्थल जमल बिहारको संरक्षण, सम्वर्द्धन र सुधारको अति आवश्यक भएको जन विश्वास छ।

यस पुस्तिकाबाट जमल बहालको महत्व र विशेषता जानकारी हुन आउँदा मलाई अत्यन्त खुशी लागेको छ। महत्वपूर्ण सांस्कृतिक सम्पदाबाट भरिपूर्ण भएको यस बिहारलाई स्वच्छ र शान्त बातावरणमा राख्नुको साथै संरक्षण गर्नु हाम्रो धर्म हो। जमलमा यस्तो महत्वपूर्ण बिहार छ भन्ने धेरैलाई थाहाँ छैन। श्री कमलमानजीले यो पुस्तक लेखि मैत्री बोधिसत्व महाबिहारको महत्व र विशेषता सबैको जानकारीमा ल्याई दिनु भएकोमा उहाँलाई धेरै धेरै धन्यवाद छ। जमल बहालको यस्तै लोप भैरहेको अरु महत्वपूर्ण

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक सम्पदा समेत खोजनीति गरी प्रकाशमा ल्याइदिनु हुन्छ भन्ने आशा लिएको छु। यस्तो महत्वपूर्ण बिहारलाई स्वच्छ र शान्त बातावरणमा राख्न श्री ५ को सरकारबाट समेत अवश्य सहयोग प्राप्त होला भन्ने आशावादी छु।

प्रेम बहादुर शाक्य
(अध्यक्ष नेपाल बुद्ध समाज)
कीर्तिपुण्य महाविहार
कोहिटी, काठमाडौं
हाल : ताहाचल

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो गनाई

श्री कमलमान बज्राचार्यजीले जमल बहालको विशेषता र महत्व बारे अध्ययन गरी यस पुस्तिकाबाट सबै श्रद्धालु भक्तजनलाई जमल बिहार बारे जानकारी गराउनु भएको कुरा अति सह्रानीय र प्रसशंनीय कुरा हो। जमलको नामबाटै "जन्मा द्यो" हुन गएको, भद्रकालीको १२ बर्षे "गठूनाच" समापन समारोह बारे तथा बर्षको एक पटक जमल बहाल तलाउ भै जलामय भै बोधिसत्व भगवानको पाउ पखालेर पानी सुकेर जाने आदि कुराहरु अद्यापि भै रहेको पढ्न पाउँदा अचम्म लाग्दछ। जमल बहालमा अवस्थित मैत्री बोधिसत्व र जमल बहालको बारे धेरै मानिसलाई थाहा नभएको र यस विषय पहिले यसरी कुनै प्रचार प्रसार नभएकोले यस्तो सांस्कृतिक सम्पदाबाट भरीपूर्ण अति पौराणिक धार्मिक स्थल र जगत संसारको कल्याण चाहने मैत्री बोधिसत्व बारे सबैले यो पुस्तकद्वारा थाहा पाउन अवसर पाउनु धेरै राम्रो कुरो हो।

यस्तो पौराणिक र महत्वपूर्ण धार्मिक स्थलको सबै क्षेत्रबाट संरक्षण र सम्बर्द्धन हुनुपर्नेमा त्यसको विपरित यस बिहारको खालि जग्गामा त्रिभुवन

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वविद्यालयबाट जनप्रशासन क्याम्पस संचालन गरेकोले यो बिहारको वातावरणलाई नराम्रो असर परेको देखिन्छ । त्रिभुवन विश्वविद्यालय र श्री ५ को सरकारको सम्बन्धित निकाय सँग त्यहाँबाट जनप्रशासन क्याम्पस अन्यत्र सारी यो बिहारलाई सदा स्वच्छ र शान्त वातावरणमा सधैं स्थापित हुन पाउन भनी सम्बन्धित सबै सँग हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा श्री कमलमानजीबाट भविष्यमा पनि यस बिहारबारे अझ गहिरो अध्ययन गरी अझ बढी कुराहरु भक्तजन समक्ष ल्याउनु हुने छ भन्ने शुभकामना सहित मेरो दुई शब्द यहि पूरा गर्दछु ।

भवतू सब्व मंगलम्

पूर्ण सिद्धि

राजकीर्ति महाविहार, मखन बहिल

हाल त्रिपुरेश्वर, काठमाडौं, भाद्र १५, ०६१

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भन्नु

"जमल बहालको विशेषता र महत्व" नामक यस पुस्तिकाको प्रकाशक धोवीधारा, काठमाडौं बस्ने विनायक प्रेसको श्री बृद्धिहर्ष बज्राचार्यजीलाई धेरै धन्यवाद छ । यस बिहारका महत्वपूर्ण पौराणिक सांस्कृतिक सम्पदा जन समक्ष जानकारी गराउन प्रकाशक भई सहयोग गर्नु भएकोमा श्री बृद्धिहर्षजी समक्ष कृतज्ञता प्रकट गर्दछु । साथै पछि निस्कने यस पुस्तकको दोश्रो भागको पनि उहाँ प्रकाशक हुनु भई फेरि पनि सहयोग दिनु हुन्छ भन्ने आशा गरेको छु ।

कमलमान बज्राचार्य

ताहचल, काठमाडौं

मैत्री बोधिसत्व भगवान

१) सारिपुत्र
२) प्रज्ञापारमिता
३) षड्क्षरी लोकेश्वर
४) मौदगल्यायन

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहालको विशेषता र महत्व

देवी देवताहरुको बासस्थान पवित्र भूमि जमल बहाललाई स्थानिय भाषामा "**जम बहा**" भन्दछन् । "ज" को जन्म र "म" को मरण अर्थात जन्म मरणको संकेत हो । यो बिहार कसको पालामा स्थापना गरिएको हो ? यकिन गर्न सकेको छैन । पौराणिक इतिहाससित सम्बन्ध भएको जमल बिहारको इलाकामा नै लोकेश्वर सेतो मच्छेन्द्रनाथको उत्पत्ति भएको कारण यो देवताको नाम जन्मा द्यो भन्ने गरिन्छ । मच्छेन्द्रनाथको उत्पति भएपछि जमलमा एउटा ठूलो बिहार प्रतिस्थापना गरेका हुनुपर्दछ ।

राक्षेसी मुलुकसँग सम्बन्धित हुँदा म्लेछेन्द्रनाथ भनेको र म्लेछेन्द्रनाथबाट नै पछि सुधारिएर मच्छेन्द्रनाथ भएको भन्दछन् । कसैले मच्छेन्द्रनाथको संकेत माछा हो भन्ने भन्दछन । जे होस मच्छेन्द्रनाथलाई करुणाको खानी करुणामय पनि भन्दछन । बौद्ध धर्ममा मैत्री, करुणा, मुदिता र उपेक्षा गरी यो चार अवधारणा चतुर ब्रम्ह

CC-0. In Public Domain. Digitization by eGangotri

बिहार हुन्। त्यसैले करुणाको सन्दर्भमा मैत्री बोधिसत्व आउनु सान्दर्भिक हुन्छ । तसर्थ जहाँ लोकेश्वर मच्छेन्द्रनाथको उत्पति हुन्छ, त्यहाँ मैत्री बोधिसत्व भगवानको उत्पति अवश्य हुनै पर्दछ भनिन्छ। जमल बिहारको दक्षिणतिर झारपात र सिस्नोको झाँग भएको ढिस्को थियो । त्यस ढिस्को वरिपरि कालो गाजल लगाएको ठूला ठूला आँखा भएको सेतो नागराजा वर पर घुमिरहने देखिने जमलका बासिन्दाहरुले त्यस ढिस्को उत्खनन् गरी हेर्दा मैत्री बोधिसत्व भगवानको प्रतिमा भेटिएको भनी भन्ने गरिएको छ। यस जमल बहाललाई धर्मचक्र महाबिहार भन्नुको साथै मैत्री बोधिसत्व महाविहार पनि भन्दछन्। मैत्री बोधिसत्व विराजमान भएको घरको छाना र त्यस छाना माथि सूर्यको प्रकाश आउने गरी चारैतर्फ राखिएको झ्याल सहितको सानो देवल तथा सो माथि राखिएको गजुर लिच्छवीकालिन शैली हो यो बिहार मल्ल कालमा बनेको बिहार भित्र पर्दैन। तसर्थ यो बिहार मल्लकालिन बिहार भन्दा अघिको बिहार हुनुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन मच्छेन्द्रनाथले आफूलाई जमल बहालबाट केलटोल स्थित कनक चैत्य महाविहारमा स्थानान्तरण गर्न सपना देखाए । सोही अनुसार मच्छेन्द्रनाथलाई कनक चैत्य महाविहारमा पछि मात्र प्रतिस्थापना गरिएको भन्दछन् । तसर्थ प्रत्येक बर्ष चैत्र शुक्ल अष्टमीका दिन मच्छेन्द्रनाथलाई रथमा राखी जमलबाट तानी रथ यात्रा गर्ने परम्परा अद्यापि विद्यमानै छ ।

मैत्री बोधिसत्व आफूलाई दुःख कष्ट दिनेलाई पनि समेटी सकल प्राणी प्रति मैत्री र करुणा राख्दछ । सकल प्राणीहरुको दुःख मुक्त गर्नको लागि सर्वज्ञत्वको प्रार्थना गर्दछ । अरुको मनोकामना कसरी पूरा गर्ने भन्ने तर्फ सदा लागेको हुन्छ । परोपकार र जगत कल्याण कार्यमा सदैव व्यस्त भै नै रहनेलाई बोधिसत्व भन्दछ ।

मैत्री भावनाको विकास र विस्तारबाट मानिसहरुलाई डर, भय, त्रास आदिको वातावरणबाट मुक्त गर्छ । मैत्री भावना नभईकन बुद्धत्व प्राप्त गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

सक्कैन तसर्थ मैत्री आदि चतुरब्रम्ह बिहार बुद्धको संकेत हो ।

धेरै जसो देशमा आपसमा हात मिलाई (Hand-shake) गरी मित्रताको भावना व्यक्त गर्ने चलन छ भने कतै दुवै हात जोडी एक आपसमा नमस्ते गरी मित्रताको भावना प्रकट गर्छ । कतै एक आपसमा टाउको झुकाई मित्रताको गाँठो गासिन्छ । कतै एक आपसमा अंगालो मारी मित्रताको भावना व्यक्त गरिन्छ । यसरी देश/देशमा आ-आफ्नो संस्कृति अनुसार मित्रताको भावना प्रकट गर्ने चलन छ ।

मैत्री बोधिसत्वलाई मैत्रेय मात्र पनि भन्दछ । मैत्री बोधिसत्व भई सकेपछि मात्र "बुद्ध" हुन सक्छ । तसर्थ मैत्री बोधिसत्वलाई भविष्यमा बुद्ध हुने बोधिसत्व भन्दछ ।

१. मैत्रीको अर्थ मनमा कुनै पनि छलकपटको भावना नराखी सबैलाई मित्रताको व्यवहार गर्नु हो ।
२. बोधिको अर्थ मित्रताको भावना व्यवहारमा ल्याई कुनै पनि प्रकारले जगत कल्याण गर्ने अवधारणा अवलम्वन गर्ने तरिकालाई नै "बोधि" भन्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. सत्वको अर्थ सजीव प्राणी हो निर्जिव होइन । त्यस सजीवको लागि धनी गरीव, छुत अछुतको भेदभाव हुँदैन । सवै समान हुन्छ । बोधिसत्व भनेको देवाः (दियो बत्ती) जस्तै हो । बलेको देवाः आफू एकक्षण पछि निभेर बिलिन हुनै पर्दछ तर बलुन्जेल अरुलाई प्रकाश दिने नै गर्दछ ।

भनुँ भने काठमाडौंको काष्ठमण्डप (मरुसतः) को इतिहास अध्ययन गरेमा काष्ठमण्डपको पूर्व रुप कल्पवृक्षले पनि बोधिसत्वको आदर्श अपनाएर आफ्नो जीवनलाई दान दिएको देखिन्छ । कल्पवृक्षले सबैको हितको लागि आफ्नो शरीर चार भागमा विभाजन गरी निम्न प्रकारमा उपयोग गरेको छ :-

१. **प्रथम भागबाट :-**
काष्ठमण्डप (तेत्तीसकोटी देवी देवताहरु सभा गर्ने स्थान)

२. **द्वितीय भागबाट :-**
सिंहसतल (सिल्यँ सतल अर्थात बाकी काठबाट

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको सतल, पछि सिंह राखेपछि सिंह सतल भनेको)

३. **तृतीय भागबाट :-**
तरुमुल श्री महाबिहार (सिख्मुबाहा)

४. **चतुर्थ भाग (बाँकी) बाट :-**
आर्य संघहरुलाई "चतं जा" दान दिलाउन ज्यावल स्वरुप "तः चतं" बनाउन दिएर आफ्नो जीवनलाई सार्थकता बनाएर गयो ।

मैत्री बोधिसत्व भगवान मेच जस्तो आसनमा बसी दुवै हात धर्मचक्र व्याख्यान मुद्रामा राखि दुवै खुट्टा तलतिर पठाई आराम गरी रहे जस्तो देखिन्छ । तसर्थ पश्चिम गोलार्धका व्यक्तिहरुले मैत्री बोधिसत्वलाई सुखी बुद्ध (Happy Buddha) भन्ने गर्दछन् । वास्तवमा मैत्री बोधिसत्व भगवानले ग्रहण गरेको आसन ध्यान भावनाको मुद्रामा नभई आवश्यक परे परोपकारको लागि तुरुन्तै जहाँ तहीँ जान सकिने स्थितिमा देखिन्छ । पर उपकारको कार्यमा व्यस्तताको

CC-0. In Public Domain. Digitization by eGangotri

कारण बोधिसत्व भगवानको शरीर सदा न्यानो र गरम हुने गर्छ। तसर्थ जमल भगवानको दुवै पाइतला जलमा दुबाई शीतल गराई राख्छ। त्यसै कारणले होला, प्रत्येक बर्ष बर्षातको बेला कुनै एक दिन दुई घण्टा जति जमल बिहार तलाउ जस्तै जलामय भई भगवान विराजमान भएको कोठा भित्र अभूतपूर्व तरिकाले पानी पस्ने गर्दछ। गत बर्ष २०६० सालको बर्षात् सम्ममा पनि विहार जलामय भएको क्रिया जमल वरिपरि बसेका सबैले यस्तो अभूतपूर्व स्थिति देखेकै हो। कसै कसैले बिहार जलामय भएको फोटो समेत लिएका छन्। २०६१ सालको बर्षात्मा बिहारले तलाउको रुप नलेऊन् भन्ने उद्देश्यले २०६१ साल बैशाख महिनादेखि बोधिसत्व भगवानको पाउँमा जल चढाउने गर्दै आइएको छ।

जमललाई जम्भल भन्ने पनि छन्। जम्भल अथवा अलंकापुरीको राजा कुवेर हो। तसर्थ मैत्री बोधिसत्वलाई कुबेर भगवानको रुपमा मान्नेहरु पनि छन्। यस भगवानको सेवा गरेमा अल्याख धन प्राप्त

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ भन्ने धारणा राखि धेरै जसो धनी परिवारबाट बोधिसत्व भगवानको पूजा आजा गरी मान्ने गरिन्छ ।

आफ्नो बौद्ध परम्परानुसार बौद्ध बिहार प्रतिस्थापना गर्ने बेलामा केबल बुद्ध मुर्ती मात्र स्थापना नगरि बुद्धको दाँया धर्म (प्रज्ञापारमिता) बायाँ संघ (षड्क्षरी लोकेश्वर) स्थापना गर्ने चलन छ । त्रिरत्न मुर्ती बुद्ध धर्म संघ मध्ये बोधिसत्व भगवानको दायाँ "प्रज्ञापारमिता" बायाँ "षड्क्षरी लोकेश्वर" स्थापना गर्नुको साथै दायाँ तिर "सारिपुत्र" तथा बायाँ "मौदगल्यायन" पनि स्थापना गरिएका छन् ।

बुद्ध भगवानको शोभायात्राको बर्णनमा ब्रह्माजीबाट कुचो लगाई, देवी सरस्वतीबाट वासा बिसाई, अलंकापुरका राजा कुबेरले धन द्रव्य छर्की, बायु देवताबाट ध्वजा फहराई, अग्नि देवले धूप सल्काई, बरुण नागराजाले जलधारा छर्की, महादेवबाट डमरु बजाइ, विष्णु भगवानबाट शंख बजाई, देवराज इन्द्रले छत्र समाई, भिक्षु गणहरुले च्वामो हम्काई, रंभा, चित्रा,

CC-0. In Public Domain. Digitization by eGangotri

तिलोत्तमा, उर्वशी आदि अप्सरागणहरुले स्वर्गबाट पुष्पबृष्टि गरी, शेषनागको पीठमा बुद्ध भगवानले पाइतला टेकी लुम्बिनीको रमणीय जङ्गलबाट पैदल भ्रमण गरी रहेको दृश्य र त्यहाँको बातावरण अत्यन्त मिठास र रमणीय थियो। सो शोभायात्रामा तेत्तीसकोटी देवी देवताहरु सम्मिलित थिए। यसरी बुद्ध भगवानलाई देवताहरुबाट सदा आदर सम्मान हुने गर्दछ। भगवान पशुपति महादेवबाट पंचबुद्ध अंकित "मुख" (श्रीपेच) मुखअष्टमी कार्तिक शुक्ल अष्टमीका दिन शिरमा लगाउनु हुन्छ।

सर्वपूज्य शाक्यमूनि भगवान बुद्धको जन्मबाट ५००० बर्षमा जन्म लिई भविष्यमा बुद्ध हुने मैत्रीय बुद्धको मानव आकृति भन्दा ठूलो शान्त मुर्ती मैत्री बोधिसत्व भगवान विराजमान भएको जमल बिहार पवित्र पूण्य भूमि हो। हालको बुद्ध सम्वत् २५४८ सालले २४५२ बर्षमा मैत्री बोधिसत्व बुद्ध हुनु भएपछि कलीयुग समाप्त भई पुनः सत्य युग प्रारम्भ हुने कुरा पौराणिक ग्रन्थहरुमा उल्लेख गरिएको पाईन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

करुणा, मित्रतायुक्त बोधिसत्व भगवानको सुन्दर शान्त चेहराको दर्शनबाट मनमा भएका तनाव, क्लेस, दुःख केही छिन हट्छ भन्ने जनविश्वासको कारणले धर्मावलम्वीहरु मैत्री बोधिसत्व भगवान दर्शन गर्न आउने गर्छन् ।

तीन सय साठी दिन सम्म मैत्री बोधिसत्व भगवान दर्शन गरेमा बेकारी समस्या समाधान भई नोकरी पाइन्छ भन्ने कथनलाई विश्वास गरी भगवान दर्शन गर्न जमल बहालमा आउनेहरु पनि छन् ।

एक दिन बोधिसत्व भगवानले कुनै एउटा अत्यन्त कष्ट पाइरहेका बिरामी कुकुरलाई देखेछ । कुकुरको शरीरमा एउटा ठूलो घाउ रहेछ । घाउको वरिपरिका मासु किराले खाइरहेको देखेर बोधिसत्व भगवानले आफ्नो तिघ्राको मासु काटेर घाउमा रहेका किराहरु आफ्नो शरीरबाट टुक्राएका मासुमा सारी कुकुरको घाउमा मलमपट्टी गर्नु भई कुकुरको साथै किराहरु समेतलाई बचाउनु भएछ ।

मैत्री बोधिसत्व भगवानको सेवा

CC-0. In Public Domain. Digitization by eGangotri

गरेमा आफ्ना भकारीमा रहेका अन्नहरु जति खर्च गरिएमा पनि भकारी कहिल्यै नरित्तिने र अन्नको कमी नहुने जन विश्वासको कारणले "जाकी ल छायगु" भनी एक पटकमा १००० एक हजार थान गुलपामा चामल राखि सवा लाख थान गुलपा नपुगेसम्म पटक-पटक गरी मैत्री बोधिसत्व भगवान कहाँ चढाउन ल्याउने धर्मावलम्वीहरु पनि अद्यापि छँदैछन् ।

अशोक राजाको राज्यकालमा स्थापित गरिएका ८४००० स्तुप चैत्य मध्ये ऐतिहासिक दृष्टिले विश्वकै सम्पदामा पर्ने अशोक चैत्य यस धर्मचक्र महाबिहार जमल बहालको विचमा स्थापना भएको छ । यसबाट प्रमाणित हुन आउँछ कि जमल बहाल २००० बर्ष अघिनै प्रतिस्थापना भै सकेको छ ।

कान्तिपुरका अठाह्र बिहारका स्थवीरहरुमा सबै भन्दा जेठो स्थवीर देथायपा भोजमानपति बज्राचार्यको पालामा गंगामानपति (काले गुरुज्यू) ले जन सहयोगबाट स्थापना गरिएको देशको शान्ति र

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्धिको द्योतक चार लोकेश्वर मध्ये आमोघ पास लोकेश्वर (जन्म र मृत्युको सहजताको प्रतिक) जनमा द्यो जमलेश्वर लोकेश्वर सेतो मच्छेन्द्रनाथ यस बिहार मा प्रतिस्थापना गरिएको छ ।

सेतो मच्छेन्द्रनाथको जन्मस्थल भएकोले प्रत्येक बर्ष यस बिहारमा भल भल अष्टमीका दिन धर्मराज यमराज जन्मराज आफ्नो दुतहरु सहित साथमा ल्याईएका बहीखाता पल्टाउने कारणले गर्दा सो दिन १२ वर्षे लुमडी अजिमा भद्रकाली गठुनाचका देवी देवताहरु आ-आफ्नो नृत्य समापन गर्न तथा मृत्युलाई वरण गर्न जमल बहालमा कार्यरत जन्मराज कहाँ पुग्ने गर्दछन् । सो पछि "सीजा नकेगु" भनी तान्त्रिक विधि अनुसार "थाय भू" (विशेष किसिमको थाल) मा राखिएका दही चिउरा तीन पटकसम्म देवगणहरुलाई छर्किन्छ । अनि सबै देव-देवताहरुलाई मृत्यु वरण हुन्छन् । मृत्यु भएका देवगणहरुलाई एक/एक गरि सेतो कपडाले छोपी ३/३ जना व्यक्तिहरुले काँधमा बोकी "सी बांजा" (मलामी बाजा) बजाई यात्रा

CC-0. In Public Domain. Digitization by eGangotri

गरी असनको हिटी मंग भन्ने स्थानमा ल्याएर जमल बिहारको ऐतिहासिक इनारको पानी पिलाईन्छ। सो दृश्य हजारौं व्यक्तिहरुले राति अवेरसम्म पनि उत्सुकताका साथ हेरिरहन्छन्।

उक्त देवगणहरुको वस्त्र तथा मुकुण्डो विधि अनुसार कालमोचन शमशान घाटमा दाह संस्कार गरिन्छ। दाह संस्कारबाट निस्केका खरानी कुविद्या र बोक्सीहरुको लागि अत्यन्त महत्वपूर्ण हुने भन्दछन्।

मच्छेन्द्रनाथको जन्मस्थल भएको कारण यस बिहारमा दीर्घ आयुको लागि "आयूसाधन" को जप गराउनुको साथै सवा लाख बत्ती बाल्ने चलन छ पितृहरुको मोक्षको लागि एक सय आठ दियो बाल्ने पनि गर्दछन्।

आमाबाबुको मुख हेर्ने मातृ औंसी र कुशे औंसीका दिनमा धर्मावलम्वीहरु आ-आफ्नो स्वर्गीय आमाबाबुको नामबाट "निसला" दिन आउने गर्दछन्। सो निसलामा मिठाई, फलफूल, दक्षिणा, केही चामल, केही चिउरा, तथा दही वा दूध समेत समावेश भएको

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। सो दिन निसला दिनाले पितृहरुले मोक्ष पाउनुको साथै सुखावती भुवनमा वासस्थान समेत प्राप्त गर्ने जन विश्वास छ। यस जमल बिहारमा श्राद्धको पिण्ड राख्ने खाडल पनि छ जसलाई "प्योंगा" भन्दछन्। श्राद्ध पछि "जा प्यो" यस प्योंगामा राख्न ल्याउने चलन अद्यापि छँदैछ।

बिहारको उत्तर पूर्वकुनामा एउटा महत्वपूर्ण इनार छ। यस इनारमा गोसाईकुण्डको मूल मिसिएको छ भनिन्छ। तसर्थ सो पानी दूध जस्तै सेतो, सफा र निर्मल देखिन्छ। उक्त पानी पिउनाले पेटको रोग निको हुन्छ भन्ने विश्वास गरिन्छ। तसर्थ यस इनार ले स्वच्छ, पवित्र पानीले युक्त भएको भन्ने रुपमा प्रसिद्धि पाएको छ।

प्रत्येक बर्ष नवरात्रीमा कालमोचन घाटमा नुहाई शुद्धिको लागि विहारको उक्त इनारको पानीले मुख धोएर मैत्री बोधिसत्व भगवानको दर्शन गर्ने परम्परागत चलन छ।

यो इनारको नजिकै जमलेश्वर महादेव स्थापना

Late Laxmi Raman Regmi Kalyani Regmi Memorial Library
Kathmandu, Nepal
काठमाण्डौं नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ । महादेवलाई बैशाख महिना भरि उक्त इनारको पानी चढाएमा पुत्र नहुनेहरुलाई पुत्र लाभ हुन्छ भन्ने जन धारणा रहेको छ ।

बिहारको पश्चिमतिरको कम्पाउण्डमा नृत्यनाथ (नास द्यः) स्थापना गरिएको छ यस देवतालाई महादेवको एउटा स्वरुप भन्दछन् । नृत्यनाथको सेवा गरेमा नृत्य र संगीतमा लोकप्रियता प्राप्त हुने भएकोले नृत्यकार तथा संगीतकारहरुबाट समय समयमा नासल देवताको पूजा आजा गरिन्छ ।

बौद्ध धर्मको इतिहासमा नै दुर्लभ मानिएको चतुर बुद्ध यस जमल बहालमा स्थापना गरिएको छ । महाबिहारको स्तरमा हुनुपर्ने क्षेत्रपाल बिहारको नैऋत्य कोणमा स्थापना गरिएको छ । कसै कसैले यसलाई नवग्रह मण्डल पनि भन्दछ । बर्षको एक पटक मध्ये रातमा क्षेत्रपालको माध्यमबाट अग्निको मुस्लो निस्की आकाश र पातलको मिलन गराउने कार्य हुने गर्छ भन्ने कथन छ । साथै स्व. स्थवीर गोपाल बज्राचार्यले मित्रहरुको सल्लाह र सहयोगबाट

CC-0. In Public Domain. Digitization by eGangotri

२०५६ साल आषाढ १२ गते बज्रधातु चैत्य यस बिहारमा स्थापना गर्नु भएको छ ।

कुनै बेला राणा प्रधानमन्त्रीको हुकुमतमा यो जमल बहाल समेत सेतो दरबारको कम्पाउण्डमा भित्राईएको थियो । वीर शमसेरको पालामा सेतो दरबार ठूलो आगलागीको चपेटामा परेको थियो । किन / कसरी आगलागी हुन गयो ? छानबिनको क्रममा बिहारमा स्थापित क्षेत्रपाललाई अपेक्षित भएको कारणबाट दरबार आगलागीमा परेको हुन सक्ने ज्योतिषीहरुबाट जानकारी हुन आएकोले दरबारमा भित्र्याईएका पहिले बिहारबाट चर्चिएको आठ रोपनी जग्गा सेतो दरबारको कम्पाउण्डबाट छुट्याई दिएको र सो बेलादेखि बिहारको जग्गा बेवारिस र उपेच्छित भै त्यसै परिरहेको देखिन्छ ।

पछि त्रि-चन्द्र कलेज स्थापना भै सो संचालनको लागि विदेशबाट आएका अध्यापकहरुलाई बिहारको जग्गामा राणाकालीन समयमा निर्माण भएका पुराना

CC-0. In Public Domain. Digitization by eGangotri

साना-साना भवनहरुमा बसोबास गर्न राखिएका थिए।

प्रजातन्त्रको प्रादुर्भाव भएपछि त्रिभुवन विश्वविद्यालयको जन्म भयो। सो पछि खालि भएका क्वाटर स्वरुप प्रयोगमा ल्याईएका ती राणाकालीन भवनहरुमा श्री ५ को सरकारको स्वीकृतिबाट त्रि.वि.वि. परिक्षा नियन्त्रण कार्यालय संचालन हुँदै आएको छ।

जमल बहाललाई जिर्णोद्धार गर्न इकु बहालका श्रीआनन्द मुनी बज्राचार्यले राणा प्रधानमन्त्री जुद्ध शमसेर बाट अनुमति लिई आर्थिक स्थितिले भ्याएसम्म बिहार जिर्णोद्धार गरियो। आर्थिक कमजोरीका कारण पर्खाल घेर्न नसकि पर्ति परिरहेको बाँकी जग्गामा हाल त्रि.वि.वि. ले तहरा भवन बनाई त्रिपुरेश्वर स्थित "जन प्रशासन क्याम्पस" सो भवनमा स्थानान्तरण गरी कक्षाहरु संचालन गर्दैछ। सो जन प्रशासन क्याम्पस रहेको त्रिपुरेश्वर स्थित आफ्नो जग्गा भने व्यापारिक दृष्टिकोणले ३० बर्षको लागि कुनै एक व्यापारिक

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थालाई त्रि.वि.वि.ले भाडामा दिइएको छ। यो कहाँ सम्मको न्यायोचित हो ? सबै नेपालीहरुबाट विचार हुनुपर्ने विषय हो। उक्त क्याम्पसलाई अन्यत्र सारी सो जग्गा बिहारलाई नै फिर्ता गर्ने व्यवस्था श्री ५ को सरकारबाट हुनुपर्दछ।

देवस्थलका घरजग्गा अतिक्रमण गर्ने क्रममा देवस्थलका पूर्व तर्फका घर पनि अतिक्रमणको चपेटामा परेको थियो। निजी स्वामित्व बनाई बेच बिखन गर्ने क्रम समेत कोशिस गरेको थियो। २०३५ सालमा सो कार्य रोकी पुनः साविक बमोजिम कै स्थितिमा ल्याईयो।

देशमा सुख शान्ति होस् भनी कामना गरी प्रत्येक बर्ष गुंला धर्म प्रारम्भ भएका दिनले एक महिनासम्म यस बिहारमा जममी भनिने किसानहरु बिहान करिब १।२ घण्टासम्म सांस्कृतिक बाजा गाजाका साथ भजन कीर्तन गर्ने गर्दछ। यसलाई नेवारीमा "दापा थायगु" भन्ने चलन छ। सकिमना पूर्णिमाका दिन ती किसानहरुबाट यस बिहारमा

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न किसिमको बि ब: छुस्या मुस्याको मिश्रनबाट कलश बनाई भगवानको पूजा आजा गर्ने चलन छ।

आफ्नो परिवारको सुख, शान्ति र दीर्घआयूको लागि तथा पितृहरुको मोक्ष्येको लागि समय समयमा जमल बहालमा धर्मावलम्बीहरुबाट सत्वपूजा गरिने गर्दछ।

प्रत्येक बर्ष धानबालि काटी खेतबाट सोझै यस बिहारमा ल्याई मंसिर महिनाको घाममा धान सुकाउने चलन छ। यस बिहारमा धान सुकाउनाले धानको परिमाणमा बृद्धि हुने विश्वास गरिन्छ। धान सुकाउने चलन अद्यापि विद्यमान छ।

परापूर्वकालदेखि तरुमुल श्री महाबिहार "सिख्मु बहाल" का लायकु बहिल बस्ने हर्षपति गुभाजूका सन्तानहरु मध्ये जो थकाली छ उसैले नै आफ्नो जीवनभर यस जमल बिहारको रेखदेख गरी नित्यपूजा गर्नुपर्ने तथा सो थकाली गुरुज्यू दिवगंत भएमा निज भन्दा मुनिका गुरुज्यू थकाली भै आफ्नो जिउताभर बिहारको रेख देख, नित्यपूजा, पर्वपूजा आदि गर्नु पर्ने प्रावधान र परम्परा रहि आएको छ। थकाली भई

CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहालमा रेख देख, नित्यपूजा, पर्वपूजा गरी दिवंगत भई सकनु भएका स्थवीरहरुका नाम :-

१. स्व. चिनि बज्राचार्य
२. स्व. बाबुलाल बज्राचार्य
३. स्व. भोजमान पति बज्राचार्य
४. स्व. हरिलाल बज्राचार्य
५. स्व. गोपाल बज्राचार्य

स्थवीर गोपाल बज्राचार्य दिवगंत हुनु भएपछि थकालि हुनु भएका कमलमान बज्राचार्य २०५८ साल माघ १८ गते देखि कार्यरत हुनु भई जमल बहालको रेख देख नित्यपूजा, पर्वपूजा आदि गर्दै आएको छ।

यस धर्म चक्र महाबिहारको विकास र विस्तारको लागि हाल सालै श्री श्यामम्मान बज्राचार्यको अध्यक्षतामा **"मैत्री बोधिसत्व महाबिहार सुधार सहयोग समिति"** गठन गरिएको छ। साथै २०६१ साल बैशाख महिना देखि प्रत्येक शुक्लपक्षको अष्टमीका दिन भिक्षुणी धम्मावती गुरुमाको नेतृत्वमा बुद्ध पूजा गर्ने आयोजना गरिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस जमल बहालको मैत्री बोधिसत्वको नाम सम्यक देवताहरुको नामावली नं. १०८ मा र बिहारको नाम बौद्ध बिहारको नामावली नं. ३३ मा दर्ता गरी "नेपाया बौद्ध सांस्कृतिक सम्पदा" नामक ग्रन्थमा प्रस्तुत गरेको छ।

यस्तो महत्वपूर्ण सांस्कृतिक सम्पदाबाट भरिपूर्ण भएको जमल बहाललाई संरक्षण र सम्वर्द्धन गर्न तपाई हामी सबैको परम कर्तव्य मात्र होइन धर्म पनि हो। यही सांस्कृतिक सम्पदा देशको प्राण हो।

<u>प्रस्तोता</u>

कमलमान बज्राचार्य

ताहाचल, काठमाडौं

२०६१ आषाढ १८ गते गुरु पूर्णिमा

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तिस लक्षण

कुनै पनि पुरुष ३२ लक्षणले युक्त भएमा, उ महापुरुष हुन्छ। ३२ लक्षण युक्त पुरुष चक्रवर्ती राजा हुन्छ वा सम्यक बुद्ध हुन्छ। त्यो महापुरुष सप्तरत्न सम्पन्न हुन्छ।

सप्तरत्न :१. चक्ररत्न २. हस्तिरत्न
३. अश्वरत्न ४. मणिरत्न
५. स्त्रीरत्न ६. गृहपति रत्न
७. परिणायक रत्न।

३२ लक्षणहरू:

१. मुकुट जस्तो शिर
२. मसिनो गाजल जस्तो कालो कपाल
३. फराकिलो चट्टपरेको निधार
४. मृगको जस्तो आँखा
५. बाछाको जस्ता परेला

CC-0. In Public Domain. Digitization by eGangotri

६. आँखी भुईका रौंहरुको पङ्गती कपास जस्तो नरम
७. सलक्क परेको नाक
८. हात्तीको झै ठूलो कान
९. बराबर पंत्ती मिलेका विच विचमा प्वाल नभएका सेतो ४० वटा दाँत
१०. सिंहको जस्तो चिउँडो
११. लामो र पातलो जिब्रो
१२. करविक कोइलीको जस्तो मिठो र मधुर स्वर
१३. बरको रुख झैं जति आङ्गको चौडाई, त्यतिनै उचाई
१४. सिधा रिष्ट पुष्ट शरीर
१५. सिंहको जस्तो छाती
१६. गोल परेको गर्धन
१७. दुवै ओठ मिलेको सानो मुख
१८. सुवर्ण वर्ण समान छालाको रङ्ग
१९. हसिलो आकर्षित चेहेरा
२०. परिपुष्ट भएको काँध
२१. प्रतिच्छन्न भएको पुरुषेन्द्रिय

CC-0. In Public Domain. Digitization by eGangotri

२२. सुप्रतिष्ठित पाउ
२३. लामो औंलाहरु
२४. औंलाहरुमा परिपूर्ण चक्र चिन्ह
२५. लामो कुर्कुचो
२६. मृत्यु तरुण हस्तपाद
२७. गोली गाँठा माथि परेको
२८. बारुलोको जस्तो कम्मर
२९. सिधा उभिएर दुवै घुँडा छुन सक्ने लामो हात
३०. एउटा रोमकुपमा एउटा मात्र रौं
३१. गुलाफि रंगको, मिलेको नङ्ग
३२. शरीरमा कुनै खत वा दाग नभएको ।

---

१. प्रज्ञापारमिताको मन्त्र :-

क) ओं गते गते पारंगते पारसंगते बोधि स्वाहा
ख) ओं पिचु पिचु प्रज्ञावर्द्धनि ज्वलज्वल मेघाबर्दनि धिरि धिरि बुद्धि बुर्द्धनि स्वाहा
ग) ओं प्रज्ञे महाप्रज्ञे ऋतिस्मृति विजय धी स्वाहा

CC-0. In Public Domain. Digitization by eGangotri

२. षड्क्षरी लोकेश्वरको मन्त्रः-

क) ओं महासुख बज्रसत्व जःहूँ वँ हो सुरतसत्व अलललल हो अः अः अः अः

ख) ओं मणि पड्मे हुं ।

३. अपरिमिता धारणीः-

ओं नमो भगवत्ये अपरमितायू ज्ञान सुविनिश्चित तेजोराजाय तथागतायर्हते सम्यक संवद्धाय तद्यथाः ओं पुण्य पुण्य महापुण्य अपरमित पुण्य अरिमितायू पुण्य ज्ञान संभारोपचिते ओं सर्व संस्कार परिशुद्धे धर्मोगते गगण समुद्गते स्वभाग विशुद्धे महानय परिवारे स्वाहा ।

४. मैत्रीय बोधिसत्व धारणीः-

ओं नमो भगवत्ये मैत्रीयनाम बोधिसत्वायमहासत्वाय तद्यथाः ओं अजिते अजिते अजितंजय हर २ महामैत्री अवलोकेतेश्वराय कर २ महासमय सिद्धिभर २ महाबोधि मण्डप विजये सम्भर २ बोधि २ माहाबोधिये स्वाहा । मोहि २ महामोहि स्वाहा । मति मति स्मरे स्वाहा ।

-OOOOO-

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिदिन पाँच पटक वा सो भन्दा बढि अपरमिता धारणीपाठ गरीएमा आयू लम्बिने तथा दिनको सात पटक वा सो भन्दा बढी बोधिसत्व धारणी पाठ गरीएमा निरोगि भई मनमा सुख शान्ति मिल्ने कुरा धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाईन्छ ।

शील

बौद्ध धर्ममा दश शील हुन्छ । सो मध्ये पाँचलाइ पंच शील र आठलाई अष्ट शील भन्ने गरिन्छ । प्रत्येक मानवमा शारीरिक, वाक र चित्तबाट अनुचित कुकर्महरु हुन जाने संभावना हुन्छ । ती कुकर्महरु आफूबाट हुन नदिनु नै शील पालना गर्नु हो । शीलको पालना गर्ने व्यक्ति सदा सर्वदा सुखी र आनन्दीत हुन्छ ।

१) शारीरिक कार्यबाट निष्कन सक्ने अनुचित कुकर्महरुः
   (क) पिट्नु, हिंसा गर्नु
   (ख) चोर्नु, डाका डाल्नु
   (ग) परस्त्री र परपुरुष सित यौन सम्वन्ध राख्नु

CC-0. In Public Domain. Digitization by eGangotri

२) वाकबाट निस्कन सक्ने अनुचित कुराहरुः
(क) झुठो कुरा बोल्नु
(ख) गालि गर्नु
(ग) नचाहिदो गफ गर्नु
(घ) अरुको चुकली गर्नु

३) चित्तबाट निस्कन सक्ने कुकर्महरुः
(क) अरुलाई दुःख दिने बिचार गर्नु
(ख) रिसाउनु
(ग) सुरापान मध्यपान गर्नु

उपरोक्त दश अकुशल अनुचित कर्ममध्ये कुनै पनि कार्य नगर्नु नै बौद्धधर्ममा शीलको पालना गर्नु हो ।

oooooooo

CC-0. In Public Domain. Digitization by eGangotri

"नम्मो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

सम्बुद्ध गाथा

१) सम्बुद्धे अट्ठवीसञ्च, द्वादसञ्च सहस्सके ।
पञ्चसत सहस्सानि नमामी सिरसा महं ॥

२) अप्पका वालुका गङ्गा महन्ता निब्बुता जिना ।
तेसं धम्मञ्च संघञ्च आदरेन नमामहं ॥

३) नमक्कारानुभावेन हित्वा सब्बे उपद्दवे ।
अनेक अन्तरायापि विनस्सन्तु असेसातो ॥

अर्थ

१) ५१२०२८ बद्धहरूलाई म शिरसा वन्दना गर्दछु ।

२) गङ्गानदीका बालुवा बरू थोरै होलान् परिनिर्वाण भइसकेका जिन बुद्धहरू अनगिन्ति छन् । उहाँहरूको धर्म र संघलाई पनि आदरपूर्वक नमस्कार गर्दछु ।

३) यसरी नमस्कार गरेको आनुभावले सबै प्रकारका उपद्रव भय अन्तरायहरू निरवशेष हतेर जाओस् ।



जमल बहालको मन्दिर घर

(बाँयाको मर्मत भैइरहेको र संगै दायाँको गजुर भएको मात्र)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

जमल बहाल मन्दिर घरको भुंई तल्ला
(मैत्री बोधिसत्व भगवान अवस्थित कोठा)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

(ষ্টেট ব্যাঙ্ক অফ ভাওয়ালগড়: ভাওয়ালগড়)